# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, चैत १८ गते, २०८१ साल (अतिरिक्ताङ्क ६४

## भाग ३

### नेपाल सरकार

### भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

### सूचना

**भूमि सम्बन्धी (बीसौं संशोधन) नियमहरू, २०८१**

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

**१.** **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "भूमि सम्बन्धी (बीसौं संशोधन) नियमहरू, २०८१" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>भूमि सम्बन्धी नियमहरू, २०२१ मा नियम १६ख., १६ग., १६घ. र १६ङ. थप</u>:** भूमि सम्बन्धी नियमहरू, २०२१ (यसपछि "मूल नियमहरू" भनिएको) को नियम १६क. पछि देहायका नियम १६ख., १६ग., १६घ. र १६ङ थपिएका छन्:-

"१६ख. **<u>निवेदन छानबिन गर्नु पर्नेः</u>** (१) ऐनको दफा १२क. को उपदफा (२) बमोजिम निवेदन छानबिन गर्दा मन्त्रालयले निवेदनसाथ <u>अनुसूची-५ख.</u> बमोजिमका कागजात तथा विवरण संलग्न भए नभएको यकिन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम यकिन गर्दा कुनै कागजात तथा विवरण अपुग भएमा मन्त्रालयले निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थालाई त्यस्तो अपुग कागजात तथा विवरणको सूची तयार गरी विभागमा पेस गर्नको लागि जानकारी दिई बाँकी कारबाहीका लागि सोसँग सम्बन्धित कागजात विभागमा पठाउनु पर्नेछ र विभागले त्यस्तो कागजात सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम कागजात प्राप्त भएपछि सम्बन्धित कार्यालयले अनुसूची-५ग. बमोजिमको ढाँचामा जग्गाको मोठ तथा रोक्का भिडाई सोको विवरण भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा समेत अद्यावधिक गरी उपनियम (४) बमोजिमको समितिमा पठाउनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (२) बमोजिम सम्बन्धित कार्यालयमा प्राप्त कागजातको छानबिन गरी सिफारिस गर्न देहाय बमोजिमको जिल्लास्तरीय समिति गठन हुनेछः-

(क) सम्बन्धित जिल्लाको भूमिसुधार सम्बन्धी कार्य गर्ने कार्यालयको प्रमुख -संयोजक

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ग) जग्गा रहेको सम्बन्धित स्थानीय तहको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित नापी कार्यालयको प्रमुख -सदस्य

(ङ) सम्बन्धित कार्यालयको भूमिसुधार सम्बन्धी फाँट हेर्ने कर्मचारी -सदस्य-सचिव

(५) उपनियम (४) बमोजिमको समितिले निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले नियमनका लागि पेस गरेको जग्गाको स्थलगत अध्ययन गरी देहायका विवरण खुलाई सो समितिको राय सहितको प्रतिवेदन कार्यालयमा पेस गर्नु पर्नेछः-

(क) निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था निरन्तर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रुपमा सञ्चालनमा रहे वा नरहेको,

(ख) जग्गाको चार किल्ला, जग्गामा रहेको भौतिक संरचना, वस्तुस्थिति र जग्गाको उपयोगको अवस्था,

(ग) निवेदकले उद्देश्य अनुरुप जग्गा प्रयोग गरेको वा नगरेको वा आंशिक रूपमा प्रयोग गरेको,

(घ) निवेदकले उद्देश्य विपरीत कुनै कित्ता जग्गाको उपयोग गरेको देखिएमा त्यस्तो कित्ता के कसरी उपयोग गरिरहेको।

(६) सम्बन्धित कार्यालयले उपनियम (३) बमोजिमको विवरण तथा उपनियम (५) बमोजिमको प्रतिवेदन प्रमाणित गरी कार्यालयको राय सहित कागजात तथा विवरण विभागमा पठाउनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम सम्बन्धित कार्यालयबाट कागजात तथा विवरण प्राप्त भए पछि विभागले देहाय बमोजिमको कागजात तथा विवरणसमेत समावेश गरी विभागको राय सहित मन्त्रालयमा पेस गर्नु पर्नेछ:-

(क) निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा रहेका नियमनका लागि पेस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएका जग्गा भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक भए नभएको विवरण,

(ख) नियमन गर्न सकिने र नसकिने जग्गाको अलग-अलग रूपमा कित्तागत विवरण र कुल क्षेत्रफलको विवरण,

(ग) ऐनको दफा १२क. को उपदफा (२) बमोजिम नियमन गर्दा लाग्ने दस्तुर,

(घ) उपनियम (१) बमोजिमका कागजात तथा विवरण।

(८) उपनियम (७) बमोजिम विभागबाट प्राप्त भएको कागजात तथा विवरण छानबिन गर्दा कुनै कागजात वा विवरण अपुग भएमा त्यस्तो कागजात तथा विवरणको सूची तयार गरी पेस गर्नका लागि अवधि तोकी मन्त्रालयले निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थालाई पुनः सूचना दिनु पर्नेछ।

(९) उपनियम (७) बमोजिम विभागबाट प्राप्त भएको कागजात तथा विवरणको अध्ययन तथा छानबिन गर्दा निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले नेपाल सरकारको स्वीकृति नलिई हदबन्दीभन्दा बढी खरिद गरी उपयोग गरिरहेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जग्गा नियमन गर्न उपयुक्त देखिएमा विभागबाट कागजात तथा विवरण प्राप्त भएको मितिले वा उपनियम (८) बमोजिम कागजात तथा विवरण अपुग भई माग बमोजिमको थप कागजात तथा विवरण प्राप्त भएको मितिले तीन महिनाभित्र नियमन गर्न स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेस गर्नु पर्नेछ।

(१०) उपनियम (९) बमोजिम पेश भएको विषयमा नेपाल सरकारबाट निर्णय भए पछि त्यस्तो निर्णय कार्यान्वयनको लागि मन्त्रालयले विभागमा पठाउनु पर्नेछ। विभागले सो सम्बन्धी अभिलेख भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्न लगाई निर्णय कार्यान्वयनको लागि सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

(११) उपनियम (१०) बमोजिम विभागबाट निर्णय कार्यान्वयनका लागि प्राप्त भएमा कार्यालयले नेपाल सरकार, मन्त्रिपरिषद्बाट नियमन हुने गरी स्वीकृति प्राप्त सम्पूर्ण जग्गाको ऐनको दफा १२क. को उपदफा (२) बमोजिम नियमन गर्दा लाग्ने दस्तुर लिई नेपाल सरकारको सञ्चित कोषमा दाखिला गरी जग्गाधनी दर्ता स्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पूर्जामा नियमन भएको व्यहोरा जनाई अभिलेख राख्नु पर्नेछ।

(१२) उपनियम (७) बमोजिम विभागबाट प्राप्त भएको कागजात तथा विवरण छानबिन गर्दा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले नेपाल सरकारको स्वीकृति नलिई हदबन्दीभन्दा बढी मात्रामा खरिद गरी उपयोग गरिरहेको जग्गा नियमन गर्न उपयुक्त नभई उपनियम (१५) बमोजिम जफत गर्नुपर्ने भएमा मन्त्रालयले विभागमार्फत कार्यालयमा लेखी पठाउनु पर्नेछ र सो को जानकारी सम्बन्धित निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थालाई समेत दिनुपर्नेछ।

(१३)बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिने प्रयोजनका लागि उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा रहेको कुनै वा सबै जग्गा धितोबन्धकीमा रहेको र ऋण चुक्ता नगरेका कारणले सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाले तेस्रो पक्ष लिलाम वा आफ्नै नाममा सकार गर्ने भएमा ऐनको दफा ७ को उपदफा (१) र (२) मा उल्लिखित हदभन्दा बढी जग्गा लिलाम वा सकार हुने छैन।

तर धितोबन्धकी रोक्का रहेको कारणले ऐनको दफा १२क. को उपदफा (२) बमोजिम लाग्ने दस्तुर लिई नियमन गर्न बाधा पर्ने छैन।

(१४) कुनै उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था दर्ता वा सञ्चालनका लागि अनुमति प्राप्त गर्दाका समयमा प्रचलित कानून बमोजिम विस्तृत परियोजना प्रतिवेदन (डि. पि. आर.) र वातावरणीय अध्ययन प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था रहेछ भने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हदबन्दीभन्दा बढी जग्गा नियमनको लागि माग गर्दा विस्तृत परियोजना प्रतिवेदन (डि. पि. आर.) र सम्बन्धित निकायबाट स्वीकृत भएको वातावरणीय अध्ययन प्रतिवेदनको प्रमाणित प्रतिलिपि समेत पेस गर्नु पर्नेछ।

(१५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा कायम रहेको जग्गामध्ये संवत् २०७६ साल माघ २८ गते भन्दा अगावै खरिद गरी हालसम्म निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाका नाममा कायम रहेका जग्गा मात्र नियमन गर्नु पर्नेछ।

(१६) यस नियम बमोजिम नियमन हुन नसकेका जग्गा प्रचलित कानून बमोजिम जफत गरी नेपाल सरकारका नाममा कायम गर्नु पर्नेछ।

१६ग. **<u>जग्गाको अभिलेख राख्ने</u>**: (१) ऐनको दफा १२ बमोजिम नेपाल सरकारको सूचित आदेशद्वारा तोकिएका संस्था र ऐनको दफा १२क. बमोजिम नेपाल सरकारबाट नियमन भई हदबन्दीभन्दा बढी जग्गा राख्न स्वीकृति लिएको उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा हाल कायम रहेको जग्गामध्ये हदबन्दीभित्र रहेका र हदबन्दीभन्दा बढी रहेका जग्गाको अभिलेख राख्ने प्रयोजनका लागि उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले त्यस्तो जग्गा रहेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयमा अनुसूची-५घ. बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले पेस गरेको हदबन्दीभित्र रहने जग्गाको टायल चेकका लागि कार्यालयले सम्बन्धित नापी कार्यालयमा लेखी पठाउनु पर्नेछ र नापी कार्यालयबाट प्राप्त भएको टायल चेकको विवरण, जग्गाधनी दर्ता स्रेष्ता र जग्गाधनी प्रमाण पूर्जामा क्षेत्रफल फरक परेमा कार्यालयले टायल चेकबाट प्राप्त विवरण बमोजिम क्षेत्रफल अद्यावधिक गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम हदबन्दीभित्र रहने जग्गाको छनौट गर्दा उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा हाल कायम रहेको जग्गामध्ये ससिम वा भूउपयोग नियमावली, २०७९ को नियम १२ र १२क. को प्रतिकूल नहुने गरी कित्ताकाटका लागि माग गर्न सक्नेछ।

(४) उपनियम (२) बमोजिम टायल चेक गर्दा उपनियम (१) बमोजिम पेस गरेको जग्गाको विवरणमा फरक परेमा कार्यालयले निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थालाई अनुसूची-५घ. बमोजिमको ढाँचामा पुन: निवेदन पेस गर्न लगाउनु पर्नेछ।

(५) उपनियम (१) र (४) बमोजिम कार्यालयले आफू समक्ष पेस भएको निवेदनसाथ प्राप्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुनुपर्ने कागजात तथा विवरण संलग्न भए नभएको यकिन गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम यकिन गर्दा निवेदनसाथ प्राप्त हुनुपर्ने कागजात तथा विवरण संलग्न भएको देखिएमा निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा रहेको कार्यालयको कार्यक्षेत्रभित्र पर्ने सम्पूर्ण जग्गाको मोठ भिडाउँदा मोठ कायम रही रोक्का नभएमा वा हदबन्दीभन्दा बढी जग्गा रहेको कारण वा नेपाल सरकारको पूर्व स्वीकृति लिई बैङ्क वा वित्तीय संस्थाबाट धितोबन्धकी रोक्का रहेको कारण बाहेक अन्य कारणले रोक्का नभएमा भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक गरी कित्ताकाट गर्नुपर्ने भए प्रस्तावित ट्रेस नक्सा, निवेदनसाथ प्राप्त कागजात तथा विवरण र भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली सिर्जित जग्गाधनी दर्ता स्रेष्ताको प्रमाणित प्रतिलिपि संलग्न गरी कार्यालयले आफ्नो राय तथा सिफारिस सहित विभागमा पठाउनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम कार्यालयबाट सिफारिस साथ प्राप्त भएको कागजात तथा विवरण छानबिन गर्दा व्यहोरा उपयुक्त देखिएमा विभागले निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा हाल कायम रहेको जग्गामध्ये हदबन्दीभित्र रहने र हदबन्दीभन्दा बढी रहेको जग्गाको अलग अलगरुपमा कित्तागत विवरण स्वीकृत गरी सोही बमोजिम अभिलेख



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

राख्ने प्रयोजनका लागि कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(८) उपनियम (७) बमोजिम विभागबाट कार्यालयमा प्राप्त स्वीकृत विवरण बमोजिम कित्ताकाट गर्नुपर्ने भए कित्ताकाटका लागि सम्बन्धित क्षेत्रको नापी कार्यालयमा लेखी पठाउनु पर्नेछ। कार्यालयबाट कित्ताकाटका लागि लेखी आएमा नापी कार्यालयले नापी प्लटबुकमा हदबन्दी प्रयोजन उल्लेख गरी हदबन्दीभित्र रहने जग्गाको हकमा "हदबन्दी भित्रको" र बाँकी कित्ताका हकमा "हदबन्दी भन्दा बढीको" भनी कैफियत जनाई कित्ताकाट गरी पठाउनु पर्नेछ।

(९) उपनियम (७) र (८) बमोजिम विभाग र नापी कार्यालयबाट प्राप्त भएको विवरण बमोजिम निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा हाल कायम रहेको जग्गामध्ये हदबन्दीभित्र रहेको र हदबन्दीभन्दा बढी रहेको जग्गाको कित्तागत विवरण खुलाई जग्गाधनी दर्ता स्रेष्तामा कैफियत जनाई त्यस्तो जग्गाको छुट्टाछुट्टै जग्गाधनी दर्ता प्रमाण पूर्जा जारी गर्नु पर्नेछ । कार्यालयले हदबन्दीभन्दा बढी रहेको जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जा जारी गर्दा हरियो रङ्गको कागजको प्रयोग गर्नु पर्नेछ।

(१०) उपनियम (९) बमोजिम कार्यालयले निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा हाल कायम रहेको जग्गामध्ये कैफियत जनाई हदबन्दीभित्र रहेको र हदबन्दीभन्दा बढी रहेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जग्गाको भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमा समेत अद्यावधिक गरी राख्नु पर्नेछ।

(११) हदबन्दीभित्र रहेको र हदबन्दीभन्दा बढी रहेको जग्गाको अभिलेख राख्दा भूउपयोग ऐन, २०७६ को दफा ४ को वर्गीकरण बमोजिम अभिलेख राख्नु पर्नेछ।

(१२) यस नियम बमोजिम निवेदक उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले आफ्नो नाममा जग्गा राख्न पाउने हदबन्दी सीमाको गणना गर्दा ऐनको दफा ७ को उपदफा (१) र (२) बमोजिम गर्नु पर्नेछ।

(१३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस नियम बमोजिम अभिलेख राख्दा उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा हदबन्दीभन्दा बढी जग्गा रहेछ भने हदबन्दीभित्र रहने गरी माग गरेको जग्गा बाहेक हदबन्दीभन्दा बढी जग्गालाई हदबन्दी खुलाई वा नेपाल सरकारको पूर्व स्वीकृति लिई बैङ्क वा वित्तीय संस्थाबाट ऋण प्रयोजनका लागि रोक्का रहेको अवस्थामा समेत सोही बमोजिम अभिलेख राख्न सकिनेछ। यस बाहेक अन्य जुनसुकै कारणले रोक्का रहेकोमा त्यस्तो हदबन्दीभन्दा बढीको जग्गा फुकुवा नभएसम्म कार्यालयले कुनै पनि थप प्रक्रिया अवलम्बन नगरी सोही व्यहोरा विभागमा लेखी पठाउनु पर्नेछ।

तर रोक्का रहेको कुनै कित्ता जग्गा हदबन्दीभित्र रहने र हदबन्दीभन्दा बढी रहने गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपनियम (३) बमोजिम कित्ताकाट गर्न माग भएको रहेछ भने रोक्का राख्ने निकायको सहमतिमा उक्त कित्ता जग्गा फुकुवा गर्न वा हदबन्दीभित्र रहने जग्गा यथावत् रोक्का राखी हदबन्दीभन्दा बढी रहने जग्गा फुकुवा गर्न बाधा पर्ने छैन्।

१६घ. **<u>हदबन्दीभित्रको खरिद गरेको जग्गा बिक्री वितरण गर्न सक्ने</u>**: (१) ऐनको दफा १२ग. को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (३) बमोजिम बिक्री वितरण गर्न सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाले देहाय बमोजिमका कागजात तथा विवरण संलग्न गरी अनुसूची-५ङ. बमोजिमको ढाँचामा विभागमा निवेदन दिन सक्नेछः-

(क) दर्ता प्रमाणपत्र, प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ख) स्थायी लेखा नम्बर तथा करचुक्ता पत्रको प्रतिलिपि,

(ग) शेयर अद्यावधिक लगत,

(घ) जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) चालू आर्थिक वर्षको मालपोत तिरेको रसिद,

(च) बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिएको भए ऋण लिँदाको दृष्टिबन्धकी लिखत र सो



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धमा ऋण प्रदान गर्ने बैङ्क तथा वित्तीय संस्थाले साँवा र हालसम्मको ब्याज रकम खुल्ने गरी विभागलाई लेखेको जानकारी पत्र,

(छ) व्यहोर्नु पर्ने दायित्व प्रमाणित गर्ने कागजात सहितको स्व:घोषणा पत्र,

(ज) उत्पादन र रोजगारीसमेत खुल्ने पछिल्लो तीन आर्थिक वर्षको आय व्यय विवरण,

तर दर्ता भएको अवधि तीन वर्ष नभएको भए पछिल्लो आर्थिक वर्षको आय व्ययको विवरण,

(झ) जग्गा बिक्री वितरणपश्चात साविकको रोजगारी र उत्पादनमा कमी नहुने कबुलियतनामा,

(ञ) जग्गा बिक्री वितरण सम्बन्धमा सञ्चालक समितिको निर्णयको प्रतिलिपि,

(ट) व्यवसाय तथा सेवा सञ्चालन गर्न अनुमति दिने निकायले संस्थाले पेस गरेका कार्ययोजना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लगायत अन्य आवश्यक पर्ने कागजातका आधारमा जग्गा बिक्री गर्दा समेत उक्त संस्था निरन्तर सञ्चालन हुने र उत्पादन तथा रोजगारी नघट्ने सम्बन्धमा दिएको सिफारिस पत्र।

(२) उपनियम (१) बमोजिमको कागजात तथा विवरण संलग्न भए नभएको सम्बन्धमा विभागले छानबिन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम छानबिन गर्दा उपनियम (१) बमोजिमका कागजात तथा विवरण संलग्न रहेको नदेखिएमा विभागले पन्ध्र दिनभित्र आवश्यक कागजात तथा विवरण पेस गर्न निवेदक सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना शिक्षण संस्था वा अन्य कुनै संस्थालाई सूचना दिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम छानबिन गरेपछि वा उपनियम (३) बमोजिम कागजात तथा विवरण प्राप्त भएपछि विभागले आवश्यक छानबिन गरी राय सहितको प्रतिवेदन पेस गर्न कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको कागजात तथा विवरण सहितको निवेदन प्राप्त भएपछि कार्यालयले जग्गाको मोठ तथा रोक्का भिडाउँदा ठीक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दुरुस्त देखेमा त्यस्तो निवेदक सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको स्थलगत निरीक्षण गरी नियम १६ग. बमोजिम स्वीकृति प्राप्त हदबन्दीभित्रको जग्गा बिक्री वितरण गर्न दिन उपयुक्त रहे नरहेको सम्बन्धमा राय सहितको प्रतिवेदन विभागमा पठाउनु पर्नेछ।

(६) विभागले उपनियम (५) बमोजिम कार्यालयबाट प्राप्त कागजात तथा विवरण छानबिन गर्दा कुनै कागजात वा विवरण अपुग वा अस्पष्ट भएमा सोही व्यहोरा उल्लेख गरी कार्यालयमा पुन: लेखी पठाउनु पर्नेछ। यसरी लेखी पठाइएकोमा कार्यालयले विभागको निर्देशन बमोजिम कागजात वा विवरण पठाउनु पर्नेछ।

(७) उपनियम (५) वा (६) बमोजिम कार्यालयबाट प्राप्त कागजात तथा विवरण विभागले छानबिन गरी निवेदकको माग बमोजिम स्वीकृति प्राप्त हदबन्दीभित्रको जग्गा बिक्री वितरण गर्न दिन मिल्ने वा नमिल्ने सम्बन्धमा सिफारिस सहित निवेदनसँग सम्बन्धित कागजात तथा विवरण मन्त्रालयमा पठाउन सक्नेछ।

(८) उपनियम (७) बमोजिम विभागबाट प्राप्त कागजात तथा विवरणको अध्ययन गर्दा निवेदक सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको माग उपयुक्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देखिएमा मन्त्रालयले ऐनको दफा १२ग. को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (३) बमोजिम स्वीकृति प्राप्त हदबन्दीभित्रको जग्गा एकपटकको लागि बिक्री वितरण गर्न शर्त तोकी स्वीकृति दिन सक्नेछ।

(९) उपनियम (८) बमोजिम मन्त्रालयले बिक्री वितरणका लागि तोकेको शर्तको अधीनमा रही कार्यालयले प्रचलित कानून बमोजिम लाग्ने रजिष्ट्रेशन दस्तुर तथा कर असुल गरी लिखत पारित गरिदिनु पर्नेछ।

(१०) उपनियम (९) बमोजिम जग्गा बिक्री गरेपश्चात उपनियम (१) को खण्ड (च) र (छ) बमोजिम ऋण फरफारख वा दायित्व भुक्तानी गरेको प्रमाणित कागजात सम्बन्धित कार्यालयमार्फत विभागमा पेस गर्नु पर्नेछ। ऋण फरफारख वा दायित्व भुक्तानी गरेको प्रमाणित कागजात पेस नगरेमा कार्यालयले निवेदक सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको नाममा बाँकी जग्गा जफत गर्नेतर्फ कारबाही प्रारम्भ गर्नेछ।

१६ङ. **सकार गरेको जग्गा बेचबिखन गर्नुपर्नेः** (१) कार्यालयले ऐनको दफा १२च. बमोजिम सकार गरेको जग्गाको जग्गाधनी स्रेष्ता र जग्गाधनी प्रमाण पूर्जा जारी गर्दा बेचबिखन गरी सक्नु पर्ने मिति समेत उल्लेख गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बैङ्क वा वित्तीय संस्था वा सहकारी सङ्घ संस्थाले ऐनको दफा १२च. मा उल्लिखित अवधिभित्र बेचबिखन गर्न नसकेमा वा बेचबिखन नभएमा त्यस्तो जग्गा बेचबिखन गर्नको लागि कारण खोली स्वीकृतिको लागि कार्यालयमा निवेदन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको निवेदन मनासिब देखिएमा कार्यालयले सिफारिस सहित विभागमा पठाउनु पर्नेछ र विभागले राय सहित मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम विभागबाट प्राप्त निवेदन मन्त्रालयले शर्त तोकी बेचबिखन गर्न स्वीकृति प्रदान गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम मन्त्रालयबाट स्वीकृत भएपछि कार्यान्वयनको लागि विभाग मार्फत सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ।"

३. **मूल नियमहरूको नियम ४१ख. मा संशोधनः** मूल नियमहरूको नियम ४१ख. को,-

(१) उपनियम (१) मा रहेका "आवास वा कृषि मध्ये कुनै एक प्रयोजनार्थ" भन्ने शब्दहरूको सट्टा "आवास वा कृषि वा दुवै प्रयोजनार्थ" भन्ने शब्दहरू राखी सोही उपनियममा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर आवास र कृषि दुवै प्रयोजनार्थ जग्गा उपलब्ध गराउँदा आवास प्रयोजनका लागि खण्ड (क) को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सीमाभित्र रही कुल क्षेत्रफल खण्ड (ख) को सीमामा नबढ्ने गरी उपलब्ध गराउनु पर्नेछ।"

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) को उपखण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि काठमाडौं उपत्यका, महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको शहरी क्षेत्रको र आबाद कमोत गरेको बाहेक अन्य क्षेत्रको जग्गा कृषि प्रयोजनको लागि उपलब्ध गराइने छैन।"

(३) उपनियम (४) मा रहेका "आवास वा कृषि" भन्ने शब्दहरूको सट्टा "आवास" भन्ने शब्द राखी सोही उपनियमको खण्ड (ग) झिकिएको छ।

(४) उपनियम (५) मा रहेका "उपनियम (१) बमोजिमको क्षेत्रफलमा" भन्ने शब्दहरूको सट्टा "उपनियम (१) को खण्ड (क) बमोजिमको क्षेत्रफलमा" भन्ने शब्दहरू राखिएका छन्।

(५) उपनियम (६) मा रहेका "उपनियम (१) मा उल्लिखित" भन्ने शब्दहरूको सट्टा "उपनियम (१) को खण्ड (क) मा उल्लिखित" भन्ने शब्दहरू राखिएका छन्।

(६) उपनियम (७) मा रहेका "बमोजिम निर्धारण भएको दस्तुर" भन्ने शब्दहरूको सट्टा "बमोजिमको दस्तुर" भन्ने शब्दहरू राखिएका छन्।

४. **मूल नियमहरूको नियम ४१ग. मा संशोधनः** मूल नियमहरूको नियम ४१ग. को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपनियम (१) मा रहेका "आवास वा कृषि प्रयोजनको" भन्ने शब्दहरूको सट्टा "आवास वा कृषि वा दुवै प्रयोजनको" भन्ने शब्दहरू राखी सोही उपनियममा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर आवास र कृषि दुवै प्रयोजनको लागि जग्गा उपलब्ध गराउँदा आवास प्रयोजनका लागि खण्ड (क) को सीमाभित्र रही कुल क्षेत्रफल खण्ड (ख) को सीमामा नबढ्ने गरी जग्गा उपलब्ध गराउनु पर्नेछ।"

(२) उपनियम (३) मा रहेका "सरकारी वा" भन्ने शब्दहरू झिकिएका छन्।

(३) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छः-

"(५) नियम ४१च. बमोजिमको दस्तुर लिई आयोगले अव्यवस्थित बसोबासीलाई आवासको लागि उपनियम (१) को खण्ड (क) मा उल्लिखित क्षेत्रफल समेत गरी सोही उपनियमको खण्ड (ख) मा उल्लिखित क्षेत्रफलमा नबढाई निजले बसोबास वा आवाद कमोत गरेको क्षेत्रफल सम्मको जग्गाको स्वामित्व उपलब्ध गराउनु पर्नेछ।"

**५.** **मूल नियमहरूको नियम ४१च. मा संशोधनः** मूल नियमहरूको नियम ४१च. को सट्टा देहायको नियम ४१च. राखिएको छः-

"४१च. **दस्तुर लिई जग्गा उपलब्ध गराउन सक्नेः** (१) आयोगले अव्यवस्थित बसोबासीलाई जग्गाको प्रकृति, क्षेत्रफल र मूल्याङ्कनलाई समेत हेरी देहाय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको दस्तुर लिई जग्गा उपलब्ध गराउन सक्नेछः-

(क) कृषि प्रयोजनको जग्गाको हकमा रजिष्ट्रेशन प्रयोजनको लागि तोकिएको न्यूनतम मूल्याङ्कनको देहाय बमोजिमको रकमः-

(१) एक हजार सात सय वर्ग मिटरसम्मको जग्गाको हकमा पाँच प्रतिशतका दरले हुन आउने रकम,

(२) एक हजार सात सय वर्ग मिटरभन्दा बढीको जग्गाको हकमा दश प्रतिशतका दरले हुन आउने रकम।

(ख) आवास प्रयोजनको जग्गाको हकमा रजिष्ट्रेशन प्रयोजनको लागि तोकिएको न्यूनतम मूल्याङ्कनको दश प्रतिशतका दरले हुन आउने रकम।

(२) उपनियम (१) को प्रयोजनको लागि प्रचलित कानून बमोजिम जग्गाको रजिष्ट्रेशन प्रयोजनको लागि तय भएको न्यूनतम मूल्याङ्कन वा आँठा जोडिएको सोही प्रकृतिको जग्गाको न्यूनतम मूल्याङ्कन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम र जग्गाको न्यूनतम मूल्य निर्धारण हुन बाँकी रहेको जग्गाको हकमा प्रचलित कानून बमोजिमको न्यूनतम मूल्य निर्धारण समितिबाट जग्गाको न्यूनतम मूल्याङ्कन गराई दस्तुर निर्धारण गर्नु पर्नेछ।"

६. **मूल नियमहरूको नियम ४१छ१. मा संशोधन:** मूल नियमहरूको नियम ४१छ१. को सट्टा देहायको नियम ४१छ१. राखिएको छ:-

"४१छ१. **स्थानीय तहको अनुरोधमा सूचना प्रकाशन गर्न सकिने:** (१) यस नियम जारी हुनु अगावै आयोगबाट प्रकाशित सार्वजनिक सूचनामा तोकिएको अवधिभित्र निवेदन सङ्कलन हुन नसक्नुको आधार र कारण खुलाई सम्बन्धित स्थानीय तहले एक पटकको लागि सूचना प्रकाशन गर्ने प्रयोजनको लागि आयोग समक्ष अनुरोध गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुरोध भई आएमा आवश्यकता र औचित्यता हेरी आयोगले अन्तिम पटकको लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा पैंतीस दिनमा नबढ्ने गरी सार्वजनिक सूचना जारी गर्न सक्नेछ र सो सूचनालाई सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्र प्रचार प्रसार गर्नु गराउनु पर्नेछ।

(३) यस नियम बमोजिम सूचनाको म्याद समाप्त भएको सात दिनभित्र सम्बन्धित स्थानीय तहले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको हालसम्म पर्न आएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निवेदनको दर्ता नम्बर, निवेदकको नाम र ठेगाना सम्बन्धी विवरण वडागत रुपमा तयार गरी आयोगको जिल्ला समितिमा पठाउनु पर्नेछ।"

७. **मूल नियमहरूको नियम ४१ज. मा संशोधनः** मूल नियमहरूको नियम ४१ज. मा रहेका "नियम ४१छ. बमोजिम" भन्ने शब्दहरूको सट्टा "नियम ४१छ. र नियम ४१छ१. बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

८. **मूल नियमहरूको नियम ४१ढ. मा संशोधनः** मूल नियमहरूको नियम ४१ढ. को,-

(१) उपनियम (३) मा रहेका "स्थानीय तहबाट भए गरेका" भन्ने शब्दहरूको सट्टा "आयोगको जिल्ला समिति र स्थानीय तहबाट भए गरेका" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (४) पछि देहायका उपनियम (५) र (६) थपिएका छन्:-

"(५) भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न कर्मचारी, उपकरण तथा कार्यालय व्यवस्थापनका कार्यमा लाग्ने खर्च प्रदेश सरकार र स्थानीय तहले आयोगलाई उपलब्ध गराउन सक्नेछ।

(६) भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउँदा र अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन गर्दा जग्गाको कायम रहेको जुनसुकै भूउपयोग क्षेत्रमा वर्गीकृत क्षेत्रलाई स्थानीय तहसँगको समन्वयमा प्रचलित कानून बमोजिम आवासीय क्षेत्र र कृषि क्षेत्र कायम गर्न सकिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यस नियम बमोजिम उपलब्ध गराइएको जग्गाको भूउपयोग परिवर्तन गर्न पाइने छैन।”

९. **<u>मूल नियमहरूमा नियम ४४क. थप:</u>** मूल नियमहरूको नियम ४४ पछि देहायको नियम ४४क. थपिएको छ:-

"४४क. **<u>सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न सकिने</u>**: (१) सार्वजनिक जग्गा प्रयोगको लागि लिन चाहने निकायले देहाय बमोजिमका कागजात संलग्न गरी कार्यालयमा निवेदन दिनु पर्नेछ:-

(क) माग गर्ने जग्गाका विषयमा भएको निर्णयको प्रतिलिपि सहितको सक्कल माग पत्र,

(ख) जग्गा प्रयोगका लागि माग गर्नुको प्रयोजन र सो सम्बन्धी कार्ययोजना,

(ग) स्थानीय तहको कार्यपालिकाको बैठकबाट जग्गा उपलब्ध गराउने निर्णय सहितको सिफारिस,

(घ) जग्गा माग गर्ने निकायको केन्द्रीय निकायको सिफारिस,

<u>स्पष्टीकरण</u>: यस खण्डको प्रयोजनका लागि “केन्द्रीय निकाय” भन्नाले सर्वोच्च अदालत, संवैधानिक निकाय, नेपाल सरकार अन्तर्गतका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

मन्त्रालय, सचिवालय र आयोग सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकार र अन्तर्गतका निकायको हकमा सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहको हकमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई समेत जनाउँछ।

(२) ऐनको दफा ५९क. को प्रयोजनका लागि नेपाल सरकारका नाममा दर्ता स्रेष्ता कायम रहेको सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्नका लागि नेपाल सरकारले स्वीकृति दिई सार्वजनिक जग्गा प्रयोग गर्न उपलब्ध गराउँदा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्तर्गतका सरकारी निकायको सार्वजनिक सेवा प्रवाहका लागि भवन निर्माण बाहेक अन्य प्रयोजनका लागि सार्वजनिक जग्गा उपलब्ध गराइने छैन।

(३) सार्वजनिक जग्गा प्रयोगका लागि उपलब्ध गराउने सम्बन्धमा सिफारिस गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको सिफारिस समिति रहनेछः-

(क) प्रमुख जिल्ला अधिकारी -संयोजक

(ख) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सम्बन्धित डिभिजनल वन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकृत -सदस्य

(घ) सम्बन्धित क्षेत्रको नापी कार्यालयको प्रमुख -सदस्य

(ङ) सम्बन्धित क्षेत्रको कार्यालय प्रमुख -सदस्य-सचिव

(४) उपनियम (३) बमोजिम सिफारिस समितिले देहायका आधारमा सार्वजनिक प्रकृतिको जग्गा प्रयोगका लागि सिफारिस गर्नु पर्नेछः-

(क) सार्वजनिक जग्गा नै प्रयोग गर्न आवश्यक र उपयुक्त हो भन्ने स्पष्ट आधार,

(ख) प्रयोगमा लिनुको उद्देश्य, औचित्य र कार्ययोजना,

(ग) प्रयोगका लागि माग गरेको जग्गा रहेको स्थान र क्षेत्रफल,

(घ) प्रयोगका लागि उपलब्ध गराइने जग्गाको विषयमा जग्गा रहेको स्थानीय तह र बासिन्दाको प्रतिक्रिया,

(ङ) जग्गा संरक्षण हुने सुनिश्चितता,

(च) ऐतिहासिक, पुरातात्विक, धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरूको मौलिकतामा असर नपर्ने कुराको सुनिश्चितता ।

(५) उपनियम (३) बमोजिमको सिफारिस समितिबाट जग्गा प्रयोगका लागि उपलब्ध गराउने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सिफारिस भएमा कार्यालयले सिफारिस समितिको निर्णयको प्रतिलिपि सहितका आवश्यक कागजात विभागमा पठाउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम कार्यालयबाट लेखी आएमा विभागले आफ्नो राय सहित मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम विभागबाट लेखी आएमा मन्त्रालयले स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेस गर्न सक्नेछ।

(८) उपनियम (७) बमोजिमको प्रस्ताव नेपाल सरकारबाट स्वीकृत भएमा सोको जानकारी मन्त्रालयले विभाग मार्फत कार्यालयमा पठाउनु पर्नेछ।

(९) नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति बमोजिम प्रयोगमा दिएको जग्गा कार्यालयले नापी कार्यालयबाट सीमाङ्कन तथा रेखाङ्कन गराई अनुसूची-२४ बमोजिमको ढाँचामा सम्झौता गरी अनुसूची-२५ बमोजिम जग्गा प्रयोग गर्न स्वीकृति प्रदान गर्नु पर्नेछ।"

**१०. <u>मूल नियमहरूको अनुसूचीमा संशोधनः</u>** मूल नियमहरूको,-

(१) अनुसूची-५क. पछि यसैसाथ संलग्न अनुसूची-५ख., ५ग., ५घ. र ५ङ. र अनुसूची-२३ पछि अनुसूची-२४ र २५ थपिएका छन्।

(२) अनुसूची-२२ र २३ झिकिएका छन्।

**११. <u>खारेजीः</u>** मूल नियमावलीको नियम ४१ङ खारेज गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-५ख.

(नियम १६ख. को उपनियम (१) सँग सम्बन्धित)

**हदबन्दी छुट नियमन गर्ने सम्बन्धमा उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाले निवेदनसाथ संलग्न गर्नुपर्ने कागजात**

(क) दर्ता प्रमाणपत्र र नवीकरण पत्रको प्रमाणित प्रतिलिपि,

(ख) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) संक्षिप्त विवरण (प्रोफाईल),

(घ) उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नाममा हाल कायम रहेको जग्गामध्ये नियमनका लागि माग गरिएको जग्गाको कित्तागत विवरण (जग्गा रहेको जिल्ला, गाउँपालिका वा नगरपालिका, वडा नं, नक्सा सिट नं, कित्ता नं, क्षेत्रफल र बैङ्क वा वित्तीय संस्थाबाट ऋण प्रयोजनका लागि धितो रोक्का रहेको भए रोक्का राख्ने निकायको नाम र ठेगाना), नियमन गर्नुपर्ने जग्गाको क्षेत्रगत कुल क्षेत्रफल (भित्री मधेश तथा सम्पूर्ण तराई क्षेत्र, काठमाडौं उपत्यका र काठमाडौं उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमध्ये कुनै एक वा सबै क्षेत्रमा जग्गा रहेको भए) र जग्गाधनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपि,

(ङ) नेपाल सरकार वा नेपाल सरकारको कुनै निकायसँग कुनै सम्झौता गरेको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) संस्थापक तथा सञ्चालकको नाम, स्थायी ठेगाना र हाल बसोबास गरेको स्थान खुल्ने कागजातको प्रमाणित प्रतिलिपि,

(छ) जग्गा खरिद गर्नुपर्ने कारण र सोको उपयोग सम्बन्धमा तयार गरिएको कम्तीमा पाँच वर्षे व्यावसायिक योजना,

(ज) कम्तीमा पछिल्लो तीन वर्षको लेखापरीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

(झ) हाल सञ्चालनमा रहेको छ भन्ने सम्बन्धमा जग्गा रहेको स्थानीय तहबाट भएको सिफारिस,

(ञ) ऐनको दफा १२क. को उपदफा (२) बमोजिम नियमन गर्दा लाग्ने दस्तुर।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-५ग.

(नियम १६ख. को उपनियम (३) सँग सम्बन्धित)

**जग्गाको मोठ तथा रोक्का भिडाई तयार गरिने विवरणको ढाँचा**

१. उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको नामः-

२. ठेगानाः-

३. स्वीकृति नलिई हदबन्दीभन्दा बढी खरिद गरिएका नियमन गर्नुपर्ने जग्गाको विवरणः-

| क्र.सं. | जिल्ला | साविक गा.वि.स. न.पा र वडा नं. | हालको गाउँपालिका / नगरपालिका | वडा नं | सिट नं | कि.नं | क्षे.फ. | | रोक्का छ/ छैन | रोक्का भए रोक्का राख्ने निकाय को नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | विगाह/ रोपनीमा | वर्ग मीटरमा | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

मोठ/रोक्का भिडाउने कर्मचारीको,-
नामः-
पदः-
दस्तखतः-
मितिः-

प्रमाणित गर्ने कर्मचारीको,-
नामः-
पदः-
दस्तखतः-
मितिः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-५घ.

(नियम १६ग. को उपनियम (१) र (४) सँग सम्बन्धित)

**सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा कुनै संस्थाको नाममा हाल कायम रहेको जग्गामध्ये हदबन्दीभित्र रहने र हदबन्दीभन्दा बढी रहेको जग्गाको अभिलेख राख्ने प्रयोजनका लागि कार्यालयमा पेस गर्ने निवेदनको ढाँचा**

श्री भूमिसुधार/मालपोत कार्यालय,

............ ।

विषयः- हदबन्दीभित्र रहने र हदबन्दीभन्दा बढी रहेको जग्गाको अलग-अलग अभिलेख राखी पाऊँ।

महोदय,

म/हामी सञ्चालक रहेको .........................................................को नाममा हाल कायम जग्गामध्ये देहाय बमोजिम हदबन्दीभित्र रहने र हदबन्दीभन्दा बढी रहेको जग्गाको अलग-अलग अभिलेख राखी पाऊँ भनी देहायका प्रमाणित कागजातहरु संलग्न गरी यो निवेदन पेस गरेको छु/छौं:-

(क) उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्र, प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ख) स्थायी लेखा नम्बर तथा करचुक्ता पत्रको प्रतिलिपि,

(ग) शेयर अद्यावधिक लगत,

(घ) जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपि।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) ऐनको दफा ७ को उपदफा (१) बमोजिम हदबन्दीभित्र राख्न चाहेका जग्गाको विवरण

| क्र. सं. | जग्गाको विवरण | | | | | | | कित्ताकाट भए तर्फ | लिन चाहेको क्षेत्रफल | कित्ताकाट भै बाँकी रहने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला | साविकको गा.वि.स./ न. पा. र वडा नं. | हालको गाउँपालिका / नगरपालिका | वडा नं. | सिट नं. | कित्ता नं. | क्षेत्रफल | | | तर्फ | क्षेत्रफल |
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | |
| हदबन्दीभित्र राख्न चाहेको जग्गाको कुल क्षेत्रफल | | | | | | | | | | | |

(२) ऐनको दफा ७ को उपदफा (१) मा तोकिएको हदबन्दीभन्दा बढी रहेका जग्गाको विवरण

| क्र. सं. | जग्गाको विवरण | | | | | | | कित्ताकाट भै बाँकी रहेको जग्गा | | कायम क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला | साविकको गा.वि.स./ न. पा. र वडा नं. | हालको गाउँपालिका/ नगरपालिका | वडा नं. | सिट नं. | कित्ता नं. | क्षेत्रफल | तर्फ | क्षेत्रफल | |
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |
| ४. | | | | | | | | | | |
| हदबन्दीभन्दा बढी रहेका जग्गाको विवरण | | | | | | | | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

म/हामी सञ्चालक रहेको ..........................................................को नाममा नेपालभरमा माथि उल्लिखित जग्गाबाहेक अन्य कुनै पनि जग्गा छैन। यस निवेदनमा उल्लेख गरिएभन्दा बाहेक नेपाल भरमा कहीं कतै म/हामी सञ्चालक रहेको ..........................................................को नाममा जग्गा भेटिए उक्त जग्गा जफत गरी नेपाल सरकारका नाममा दाखिल खारेज गरेमा म/हाम्रो पूर्ण मञ्जुरी रहेको छ।

संस्थाको छाप

निवेदक
दस्तखत ...................
सञ्चालकको नाम थर...................
दस्तखत ...................
सञ्चालकको नाम थर...................

इति संवत् २०.....साल ............महिना ..........गते रोज ............शुभम्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-५ङ.

(नियम १६घ. को उपनियम (१) सँग सम्बन्धित)

**सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा कुनै संस्थाको नाममा हाल कायम रहेको जग्गामध्ये हदबन्दीभित्रको जग्गा बैङ्क तथा वित्तीय संस्थाको ऋण फरफारख र दायित्व भुक्तानी गर्ने प्रयोजनका लागि बिक्री वितरण गर्न विभागमा पेस गर्ने निवेदनको ढाँचा।**

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग,
.............

विषय :- हदबन्दीभित्र रहेको जग्गा बिक्री वितरण गर्न स्वीकृति पाऊँ।

महोदय,

भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम १६घ. बमोजिम स्वीकृति प्राप्त म/हामी सञ्चालक रहेको .......................................को नाममा हाल कायम रहेको हदबन्दीभित्रको जग्गा एकपटकको लागि बिक्री वितरण गरी बैङ्क तथा वित्तीय संस्थाको ऋण फरफारख र अन्य किसिमको दायित्व भुक्तानीका लागि स्वीकृति प्राप्त गर्न देहायका प्रमाणित कागजातहरू संलग्न गरी यो निवेदन पेस गरेको छु/छौं।

(क) नवीकरण सहितको दर्ता प्रमाणपत्र,प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ख) स्थायी लेखा नम्बर तथा करचुक्ता पत्रको प्रतिलिपि,

(ग) शेयर अद्यावधिक लगत,

(घ) जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) चालू आर्थिक वर्षको मालपोत तिरेको रसिद,

(च) बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिंदाको दृष्टिबन्धकी लिखत र सो सम्बन्धमा ऋण प्रदान गर्ने बैङ्क तथा वित्तीय संस्थाले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साँवा र हालसम्मको ब्याज रकम खुल्ने गरी विभागलाई लेखिएको जानकारी पत्र,

(छ) व्यहोर्नु पर्ने अन्य दायित्व प्रमाणित गर्ने कागजात सहितको स्वःघोषणा पत्र,

(ज) उत्पादन र रोजगारीसमेत खुल्ने विगत तीन आर्थिक वर्षको आय व्यय विवरण,

(झ) जग्गा बिक्री वितरण पछि संस्थाले प्रदान गरेको रोजगारी र उत्पादनमा कमी नहुने कबुलियतनामा,

(ञ) जग्गा बिक्री वितरण सम्बन्धमा संस्थाको सञ्चालक समितिको निर्णयको प्रतिलिपि।

हदबन्दीभित्र रहेका बिक्री वितरण गर्न स्वीकृति माग गरिएका जग्गाको विवरण

| क.सं. | जग्गाको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जिल्ला | साविकको गा.वि.स./ न. पा. र वडा नं. | हालको गाउँपालिका/ नगरपालिका | वडा नं. | सिट नं. | कित्ता नं. | क्षेत्रफल |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| बिक्री वितरण गर्न स्वीकृति माग गरिएका जग्गाको कुल क्षेत्रफल | | | | | | | |

संस्थाको छाप

निवेदक,-

दस्तखत ..................

सञ्चालकको नाम थर..................

दस्तखत ..................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सञ्चालकको नाम थर...................

दस्तखत ...................

सञ्चालकको नाम थर...................

इति संवत् २०........साल ..........महिना .............गते रोज ..........शुभम्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२४

(नियम ४४क. को उपनियम (९) सँग सम्बन्धित)

## **सार्वजनिक जग्गा प्रयोगमा लिने निकाय र कार्यालय बीचको सम्झौतापत्र**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०.../.../... को निर्णय अनुसार .......प्रयोजनका लागि उपयोगमा उपलब्ध गराइएको देहायका उल्लिखित जग्गा देहायका शर्तनामा पालना गर्ने गरी प्रयोग गर्न स्वीकृति पाएको निकायले (यस पछि “प्रथम पक्ष” भनिएको) प्रयोग गर्ने र प्रयोग प्रमाणपत्रमा रहेका शर्तनामा पालना नगरेको पाइएमा कार्यालय (यसपछि “दोस्रो पक्ष” भनिएको) ले जग्गा प्रयोग गर्न दिइएको स्वीकृति बदर गर्ने तर्फ कारबाही गर्ने सम्बन्धमा दुवै पक्ष मन्जुरी भई यो सम्झौता पत्रमा हस्ताक्षर गर्दछौं।

(क) प्रयोगमा उपलब्ध गराइएको जग्गाको विवरण

| क्र. सं. | प्रमाण सङ्केत | जिल्ला | न.पा./ गा.पा. | वडा. नं. | कि. नं. | नक्सा/ सिट नं. | क्षेत्रफल | रोपनी/विगाहा / हेक्टर/वर्ग मिटर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

(ख) जग्गा उपयोगको शर्त:

१. जग्गाको पूर्ण संरक्षण हुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. ऐतिहासिक, पुरातात्विक, धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरूको मौलिकतामा असर नहुने,

३. प्रयोग गर्न दिँदाको शर्त र उद्देश्य बाहेक अन्य प्रयोजनमा लगाउन नपाइने,

४. अन्य पक्षलाई प्रयोग गर्न वा लिजमा दिन नपाइने।

| प्रथम पक्षः | दोस्रो पक्षः |
|---|---|
| नाम,थरः | नाम, थरः |
| पदः | पदः |
| दस्तखतः- | दस्तखतः- |
| निकायको नामः | कार्यालयको नामः |
| ठेगानाः | ठेगानाः |
| सम्पर्क नं. | सम्पर्क नं. |
| मितिः | मितिः |
| निकायको छापः | कार्यालयको छापः |

इति संवत् ................. साल..... महिना...गते...रोज शुभम्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची-२५

(नियम ४४क. को उपनियम (९) सँग सम्बन्धित)

**कार्यालयले प्रयोग गर्न अनुमतिपत्र उपलब्ध गराएको जग्गा**

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमिसुधार/मालपोत कार्यालय..........................

**सार्वजनिक जग्गाको प्रयोग प्रमाणपत्र**

श्री ...................................

.........................................

दर्ता नं.

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति ........................को निर्णय अनुसार नेपाल सरकारको नाममा कायम रहेको देहायको सार्वजनिक जग्गा प्रयोग गर्न उपलब्ध गराउने निर्णय भएकोले यो प्रमाणपत्र दिइएको छ।

**प्रयोग गर्न उपलब्ध गराइएको जग्गाको विवरण**

| क्र.सं. | प्रमाण सङ्केत | जिल्ला | न.पा./गा.पा. | वडा.नं. | कि.नं | नक्सा/सिट नं. | क्षेत्रफल | रोपनी/विगाहा/वर्गमिटर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

प्रयोग अवधिः- मिति .. .. ..देखि .. .. .. सम्म कुल.. .. ..वर्ष

(ख) जग्गा उपयोगको शर्त:

१. जग्गाको पूर्ण संरक्षण हुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. ऐतिहासिक, पुरातात्विक, धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरूको मौलिकतामा असर नहुने,

३. प्रयोग गर्न दिँदाको शर्त र उद्देश्य बाहेक अन्य प्रयोजनमा लगाउन नपाइने,

४. अन्य पक्षलाई प्रयोग गर्न वा लिजमा दिन नपाइने।

कार्यालयको छाप प्रमाणपत्र दिने अधिकारीको,-

नाम, थरः

पदः

दस्तखतः-

कार्यालयको नामः

मितिः

**आज्ञाले,**
**अर्जुनप्रसाद पोखरेल**
**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग, सिंहदरबार,



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.२५।-**
**गो.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।